# सवारी कर्जा

घोषणा पत्र

सवारी कर्जाको सम्बन्धमा तपाईले जान्नुपर्ने महत्वपूर्ण कराहरु

परिवार सदस्यको घोषणा

जानकारी प्रकट गर्ने सम्बन्धी व्यवस्था

# घोषणापत्र-सवारी कर्जा (Most Important Document - Auto Loan)

आवेदन मिति :

ग्राहकको/बैंकको प्रति
आदरणीय ग्राहक महानुभाव,

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडबाट सवारी कर्जा लिनको लागि आवेदन दिनु भएकोमा धन्यवाद दिन चहन्छौं । कृपया निम्नलिखित कुराहरु सावधानीपूर्वक पढी तिनमा तपाईको सहमति जनाउँदै हस्ताक्षर गर्नुहोस् ।

तपाईको सन्दर्भको लागि यस घोषणापत्रको एउटा प्रति आफुसँग राख्नुहोस् ।

**घोषणा**

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडबाट सवारी कर्जा लिन मेरो आवेदन यसैसाथ संलग्न गरेको छु र निम्नलिखित र पृष्ठ भागमा उल्लिखित कुराहरु बुझि सहमति जनाउँदै हस्ताक्षर गरेको छु ।

**१. आवेदन प्रोशेसिङ्ग सम्बन्धीमा**

मैले आवेदन फारममा हस्ताक्षर गरेको छु र यसमा उल्लिखित सबै विवरणहरु पुष्टि गर्दछु ।

मैले निम्नलिखित कुराहरु बुझेको छु :

- मेरो आवेदनमा कारवाही गर्नको लागि बैंकले तोके बमोजिमका सबै शर्तहरु मैले पुरा गरेको मितिले कम्तिमा दुई कार्य दिन लाग्न सक्ने छ र त्यो कर्जा सूचना केन्द्रबाट सन्तोषजनक कर्जा प्रतिवेदन प्राप्त गरिने नगरिने कुरा समेतमा भर पर्दछ ।
- बैंकले उपयुक्त देखे अनुसार मेरो आवेदन नेपाल राष्ट्र बैंकको निर्देशिका र बैंक तथा बित्तीय संस्थाहरु सम्बन्धी नेपालको कानून अनुसार कर्जा सूचना केन्द्र लिमिटेडबाट कर्जा प्रतिवेदन जाँच, परीक्षणको अधिनमा हुने छ ।
- कर्जा प्रवाह गर्नको लागि बैंकले मागे बमोजिमका कर्जा सम्बद्ध सबै कागजातहरु पेश गरेको र सुरक्षण लिखित सम्पन्न भएको मितिले कम्तिमा दुई कार्य दिन लाग्न सक्ने छ ।
- कर्जा स्वीकृत भएर पनि सोको उपयोग नगरिएको खण्डमा यस कर्जाका शर्त बन्देजहरु ग्राहकले मञ्जुर गरेको मितिले ३१ (एकतीस) दिन सम्म मात्र मान्य हुनेछन् ।

**२. ब्याज दर र शुल्क**

- बैंकको परिवर्तनिय ब्याजदर वा स्थीर ब्याजदर मध्ये मैले ................................ ब्याजदर छनौट गरेको छु ।
- कर्जाको परिवर्तनिय ब्याजदर बैंकको नेपाली क्यालेण्डर अनुसारको त्रयमास अन्तको आधार दर (Base Rate) सँग आवद्ध हुने छ जसअनुसार कर्जाको ब्याज दर उक्त आधार दरमा बैंकले थप गर्ने प्रिमियम दरको योगफलबाट निर्धारण हुने छ । कर्जा आवेदन मितिमा बैंकले प्रस्ताव गरेको प्रिमियम दर ....... प्रतिशत बिन्दु र अघिल्लो त्रयमास अन्तको आधार दर ......... हो जसअनुसार हाल मलाई प्रस्ताव गरिएको बार्षिक ब्याज दर ................ प्रतिशत हो । परिवर्तनिय ब्याजदर कर्जाको हकमा बैंकको त्रयमास अन्तको आधार दरमा हुने परिवर्तन बमोजिम कर्जाको ब्याज दर त्रैमासीक रुपमा परिवर्तन हुन सक्ने छ । परिवर्तनिय ब्याजदर छनौट गरेको कर्जा यदि कुनै स्किम अर्न्तगत कर्जा लिएको भए सम्बन्धित स्किममा उल्लेख भएबमोजिमको ब्याज दर लागु हुनेछ ।
- स्थीर ब्याजदर छनौट गरेको हकमा मलाई प्रस्ताव हुने कर्जाको बार्षिक ब्याज दर .............................. प्रतिशत हो ।
- दैनिक घट्दो मौज्दातमा दैनिक ब्याज हिसाब गरी मासिक बक्यौता (schedule balance) रकममा ब्याज लगाइने छ ।
- कर्जाको अवधिमा मेरो कर्जाको प्रिमियम/ब्याज दरमा वृद्धि भएमा लागु हुने नयाँ ब्याजदर /मासिक किस्ताको जानकारी बैंकको तर्फबाट कुनै कागजी वा विद्युतिय माध्यमबाट जानकारी दिइने छ ।
- कर्जा सूचना केन्द्रबाट कर्जा आवेदक, सहआवेदक, जमानतकर्ता र स्वारोजगार आवेदकको हकमा सम्बन्धि फर्म तथा साझेदार/डाइरेक्टर/शेयरहोल्डरहरुको अनिवार्य लिनु पर्ने कर्जा सूचना शुल्क बापतको रकम कर्जा सूचना केन्द्रले यस बैंकलाई गर्ने विलिङ अनुसार आवेदनमा उल्लेख भएको खाताबाट डेविट गरि असुल गरिने छ । उक्त रकम कर्जा अस्विकृत भएमा पनि फिर्ता हुने छैन । सो बापत उक्त खातामा हाललाई रु ......................उपलब्ध हुनुर्पे छ ।
- कर्जा आवेदन स्विकृत भएर पनि कर्जा आवेदन गरेको मितिले ३१ (एकतीस) दिनसम्म कर्जा उपयोग नगरेमा बैंकले सेवा शुल्क बराबर प्रतिबद्धता शुल्क लगाउन सक्नेछ । उक्त प्रतिबद्धता शुल्क सेवा शुल्क (Loan processing Fee) बाट असुल गरिनेछ ।

मैले/हामीले बुझाउनु पर्ने कर्जा प्रोसेसिङ्ग शुल्क कुल कर्जा रकमको .................. प्रतिशत वा न्यूनतम ................. बैंकसंग सहमत भए बमोजिमको दरले अग्रिम (Upfront) भुक्तानी दिनु पर्नेछ । मैले/हामीले बुझको छु/छौं कि यो शुल्क कर्जा आवेदन पेश गर्दाका वखत भुक्तानी गर्नु पर्नेछ र कुनै कारणले बैंकले कर्जा प्रवाह नगर्ने निर्णय गरेमा वा मेरो/हाम्रो कर्जा आवेदन अस्वीकार गरेमा सो शुल्क म/हामीलाई फिर्ता दिइने छ ।

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले वा सोको कुनै अधिकार प्राप्त प्रतिनिधिले मलाई कुनै छुट/अन्य कुनै पनि किसिमको प्रतिबद्धता निशुल्क उपहार दिने प्रतिज्ञा नगरेको कुरा पनि पुष्टि गर्दछु ।

**३. हर्जाना शुल्क (उल्लंघन गरेको अवस्थामा मात्रै)**

उल्लंघनको घटना घटाएको अवस्थामा मेरो सवारी कर्जामा हर्जाना ब्याज लाग्ने कुरामा म सचेत छु। यो हर्जाना ब्याजदर बैंकको स्वविवेकमा कुनै पनि समयमा लगाउन सकिने छ। वक्यौता कर्जा किस्ताहरुमा बैंकको निति/नियमहरु अनुसार हर्जाना ब्याजदर लगाउने पूर्ण अधिकार बैंकलाई भएको पनि स्वीकार गर्दछु। भाखा नाघेको /चुक्ता गरिसक्नु पर्ने समयावधि नाघेको बक्यौता रकम (Overdue amount) मा कर्जामा लागु भएको ब्याजदरमा थप बार्षिक २ प्रतिशत बिन्दुले हर्जाना ब्याज लाग्ने छ।

**४. अग्रिम भुक्तानी शुल्क**

अग्रिम रुपमा बुझाइएको रकममा नेपाल राष्ट्र बैंकले निर्देशन गरे बमोजिम वा देहाय बमोजिमको अग्रिम प्रतिबद्धता लाग्ने कुरा बुझि सहमति गरेको छु।

आँशिक वा पूर्ण अग्रिम भुक्तानी/कर्जा स्थानान्तरण

(क) कर्जा प्रवाह गरेको मितिले २४ महिनाभित्र अग्रिम भुक्तानी वा अन्य बैंक/वित्तिय संस्थामा कर्जा स्थानान्तरण गरिएमा कुल कर्जा बक्यौता रकमको ०.७५ प्रतिशत।

(ख) २४ महिना पछि तर ६० महिनाभित्र अग्रिम भुक्तानी वा अन्य बैंक/वित्तिय संस्थामा कर्जा स्थान्तरण गरिएमा कुल कर्जा बक्यौता रकमको ०.३७५ प्रतिशत र त्यस अवधि पछि ०.१५ प्रतिशत।

(ग) स्थिर ब्याज दरको कर्जाको हकमा जहिले अग्रिम भुक्तानी वा अन्य बैंक/वित्तिय संस्थामा कर्जा स्थानान्तरण गरे पनि कुल कर्जा बक्यौता रकमको ०.७५ प्रतिशत।

(घ) कर्जा प्रवाह गरेको मितिले १२ महिना अवधि पुगेपछि मात्र आँशिक अग्रिम भूक्तानी गर्न पाइने छ।

**५. कर्जा प्रवाह पश्चात**

- सवारी कर्जाका शर्त तथा कबुलियतहरु परिवर्तन गर्ने एकल र पूर्ण अधिकार स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडलाई छ। तर स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले सवारी कर्जाका शर्त तथा कबुलियतहरु परिवर्तन गर्नु अघि पर्याप्त मात्रमा सोको पूर्व सूचना दिने छ।
- अनुरोध भई आएमा कर्जा खाता विवरण र कर्जा सम्झौताको प्रतिलिपि आवेदक वा लिखित रुपमा अख्तियारी दिईएको निजको प्रतिनिधिलाई मात्रै उपलब्ध हुने छ।

**६. बीमा**

मैले निम्नलिखित कुराहरु बुझेको छु :

- सवारी कर्जाको सुरक्षणको भागको रुपमा सवारी साधनको सम्पूर्ण जोखिमहरु विरुद्धका दावीहरु समेट्ने गरी सवारी साधनको बीमा गराउनु पर्दछ। त्यस्ता जोखिमहरुमा निम्नलिखित जोखिमहरु समेत समावेश छन् :
  - ♦ उपद्रव, हडताल,
  - ♦ आंतकबाद
  - ♦ नागरिक उपद्रवको जोखिम
  - ♦ असिमित तेस्रो पक्ष सम्बन्धी जोखिम।
- बीमाको नवीकरणको लागि म/हामी एकल वा संयुक्तरुपले जिम्मेवार हुने छु। कर्जा वक्यौता रहेको तमाम अवधिभर बीमा कभरेज मान्य रहेको सुनिश्चित गर्ने छु।
- मैले विमालेख नविकरण गर्न नसकेमा वा बैंक समक्ष नविकरण गरिएको बिमालेखको सक्कल प्रति बिमाको म्याद समाप्त हुनु भन्दा एक दिन अगाडि (सो दिन शनिवार वा सार्वजनिक विदाहरु परेमा सो को अघिल्लो दिन) नै बैंक समक्ष प्रस्तुत नगरेमा मलाइ पूर्व सूचना दिइ वा नदिइ जुनसुकै बीमा कम्पनीवाट बीमा गर्न/नवीकरण गर्ने र बीमा प्रिमियम वापत बैंकमा रहेको मेरो कुनै पनि खाता डेबिट गर्ने अधिकार बैंकलाई हुने छ।
- मैले बीमा सम्बन्धी कुनै दाबी गरेको अवस्थामा मैले आवश्यक सबै औपचारिकताहरु पुरा गर्नु पर्दछ र बीमा कम्पनीसंग सम्पर्क राख्न पर्दछ भन्ने कुरामा म सचेत छु।

**७. अन्य**

- म/हामी त्यस बैंकको लाग्ने निर्धारित सेवा शुल्क र कर्जा सूचना शुल्क (CIC) मेरो/हाम्रो यस बैंकको खातामा जम्मा गर्न र त्यसै खाताबाट कट्टा गरि लिनको लागि रोक्का (Lien) राख्न मञ्जुरी गर्दछु/गर्दछौं।
- म/हामीलाई त्यस बैंकबाट उपभोक्ता बैकिङ्गको अन्य सेवाहरुको सूचना, जानकारी लिखित तथा अन्य कुनै माध्यमबाट गर्न सक्ने हामीलाई अवगत छ।
- "म", "हामी", "ऋणी" शब्द निवेदक वा निवेदकहरुलाई जनाउँदछ।

मुख्य (प्राथमिक) आवेदकको हस्ताक्षर :

नाम :

मिति :

(यो घोषणपत्र कर्जा आवेदन फारामको एउटा अभिन्न अंग हो।)

# सवारी कर्जाको सम्बन्धमा तपाईले जान्नु पर्ने महत्वपूर्ण कुराहरु

प्रीय ग्राहक महानुभावहरु,

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडबाट सवारी कर्जा लिनको लागि आवेदन दिनु भएकोमा तपाईलाई धन्यवाद दिन चहन्छौं । हामी स्ट्याण्डर्ड चार्टर्ड बैंक तपाईले आवेदन दिनु भएको कर्जाको शर्त तथा अनुबन्धहरुको जानकारी तपाईलाई गराइ राख्नु पर्दछ भन्ने कुरामा विश्वास गर्दछौं ।

१. रु ................................... को सवारी कर्जाको लागि तपाईले आवेदन दिनु भएको छ र कर्जा प्रवाह गरेको मितिबाट .............. वटा मासिक किस्ताहरुमा तपाईले सो कर्जा र सो को ब्याज हामीलाई चुक्ता गर्नु हुनेछ ।

२. तपाईको कर्जामा वार्षिक .............. प्रतिशतका दरले ब्याज लाग्ने छ । बजार अवस्था अनुसार वा तपाईले परिवर्तनिय ब्याज दर (variable interest rate) को कर्जा लिनु भएको भए उपरोक्त कर्जाको ब्याज दर कर्जा प्रवाह अगाडि वा कर्जा अवधिमा प्रत्येक नेपाली त्रयमास अन्तको १५ दिन भित्र परिवर्तन हुन सक्ने छ । कर्जाको अवधिभर ब्याजको दरमा वृद्धि नभएमा उपरोक्त ब्याज दर कर्जाको तमाम अवधिभरको लागि मान्य हुने छ । हामीले तपाईलाई उपलब्ध गराएको कर्जाको भुक्तानी अनूसूची सांकेतिक हो र तपाईको कर्जाको अंक, ब्याज दर वा अवधि हेरफर भएमा सो अनुसूचीमा पनि हेरफेर हुने छ ।

३. ............. प्रतिशत पहिलेनै (Upfront) शुल्क लाग्ने छ र सो शुल्क तपाई वा सम्पत्तिको विक्रोतालाई रकम भुक्तानी दिनु भन्दा अगावै बुझाउनु पर्ने छ । कर्जा आवेदन पेश गर्दाका वखत सो शुल्क बुझाउनु पर्ने छ र बैंकले कर्जा नदिने/अस्वीकार गर्ने निर्णय गरेमा त्यसरी बुझाएको शुल्क तपाईलाई फिर्ता दिइने छ ।

४. कर्जा स्विकृत भएर पनि सोको उपयोग कर्जा आवेदन मितिले ३१ (एकतीस) दिनसम्ममा नभएमा कर्जाको ब्याज, शर्त तथा बन्देजहरु बैंकले एकतर्फी फेरबदल गर्न वा कर्जा रद्ध गर्न सक्ने छ ।

५. कर्जा आवेदन स्विकृत भएर पनि कर्जा आवेदन गरेको मितिले ३१ (एकतीस) दिनसम्म कर्जा उपयोग नगरेमा बैंकले सेवा शुल्क बराबर प्रतिबद्धता शुल्क लगाउन सक्नेछ । उक्त प्रतिबद्धता शुल्क सेवा शुल्क (Loan processing Fee) बाट असुल गरिनेछ ।

६. उपरोक्त अनुसार तपाईको पहिलो किस्ताको रकम रु .................. हुने छ । सो किस्ता ............ भित्र बुझाउनु पर्ने छ । अंग्रजी १ तारिखदेखि ८ तारिखसम्म बैंकले ऋण रकम प्रवाह नगरेमा सोही महिनाको १० तारिखदेखि वा अंग्रजी ८ तारिख पछिको मितिमा ऋण रकम प्रवाह गरेमा अर्को महिनाको १० तारिखदेखि समान मासिक किस्ता शुरु हुनेछ ।

७. किस्ता बुझाउनु पर्ने अन्तिम मितिमा किस्ता रकम वापत हामीले तपाईको चल्ती/वचत खाता स्वतः खर्च डेविट गर्ने छौं ।

८. परिपक्क हुने मिति (भाखा) (Maturity date) अगावै तपाईले आफ्नो कर्जा चुक्ता गर्न वा कर्जाको कुनै अंश अग्रीम भुक्तानी गर्न सक्नु हुने छ । तर त्यसरी चुक्ता वा भुक्तानी गरेको समय अनुसार तपाईले थप अग्रिम भुक्तानी शुल्क बुझाउनु पर्ने छ ।

९. तपाईले कुनै किस्ता रकम म्यादभित्र बुझाउन नसक्नु भएमा, तपाईले किस्ता रकममा हर्जाना ब्याज बुझाउनु पर्ने छ । हाल चुक्ता गर्न नसकेको/वक्यौता रहेको रकममा वार्षिक कर्जाको ब्याजदर भन्दा २ (दुइ) प्रतिशतका बिन्दुका दरले हर्जाना ब्याज लाग्ने व्यवस्था गरिएको छ ।

१०.तपाईले सवारी कर्जाको शर्त तथा अनुबन्ध उल्लंघन गर्नु भएमा हामीले आवश्यकतानुसार कानूनी कारवाही समेतका उपयुक्त कारवाही चलाउने छौं । यस्तो कारवाहीमा बैंकको स्वविवेकमा सुरक्षण वापत राखिएको सम्पत्ति पुनः कब्जामा लिने र बेच विखन गर्ने समेतका कारवाही समावेश हुन सक्दछन् । तपाईले त्यस्तो उल्लंघन गरेको कुरा खुलाईएको नकारात्मक अभिलेख तपार्क्को कर्जा ब्यूरो फाईलमा राखिने छ । यसले गर्दा तपाईलाई कर्जा प्रवाह गर्ने कुनै पनि ख्याति प्राप्त संस्थाबाट भविष्यमा कर्जा लिन कठीन हुन सक्दछ ।

११.हामीले तपाईको कर्जा तथ्याङ्क कानून बमोजिम कर्जा ब्यूरो वा अन्य नियामकहरुसंग आदान प्रदान गर्ने छौं ।

१२.सवारी कर्जाको भागको रुपमा रहेको सवारीको बीमा गराउनु पर्ने छ । बीमाले निम्नलिखित जोखिमहरु समेट्नु पर्दछः आगजनी, भुकम्प, आंतकबाद, उपद्रव, हडताल, हानी नोक्सानी, वदनियतपूर्ण हानी नोक्सानी, बाढी वा पहिरो (अवस्थिति अनुसार) । कर्जा वक्यौता रहेको तमाम अवधिभर बीमाको नवीकारण गराउनको लागि तपाई एकल रुपले जिम्मेवार हुनु हुनेछ । तपाईले बीमालेखको अवधि समाप्त हुनु अगावै बीमालेख नविकरण गराउन नसक्नु भएमा बैंकले आफ्नो स्वविवेकमा तपाईको खर्चमा कुनै बीमा कम्पनीबाट बीमालेख नवीकरण गराउन सक्ने छ ।

१३.बैंकबाटा स्वीकृत मूल्याङ्कनकर्ताले बैंकबाट कर्जा उपलब्ध गराउन लागिएको सवारी र/वा बैंकको सुरक्षणको भागको रुपमा रहेको सम्पत्तिको मूल्याङ्कन गर्ने छन् । यसरी मूल्याङ्कन गर्दा लाग्ने सम्पूर्ण खर्च तपाईले पूर्ण व्यहोर्नु पर्ने छ ।

१४.यो लिखत तपाईको सुविधाको लागि तयार परिएको हो र यसले तपाईको सवारीकर्जाको सम्झौतालाई विस्थापन गर्ने छैन ।

१५.कर्जाको अवधिभर तपाईले केही कुरा सोध्नु परेमा तपाईले कार्यालय समयमा +९७७ - १ ४७८१८०० मा फोन वा नजिकको शाखामा सम्पर्क राख्न सक्नु हुनेछ ।

# परिवार सदस्यहरुको घोषणा

| परिवार सदस्य | नामः |
|---|---|
| दम्पती | |
| छोरा | |
| बुहारी | |
| अविवाहित छोरी | |
| धर्मपुत्र | |
| अविवाहित धर्मपुत्री | |
| बुवा | |
| आमा | |
| सौतेनी आमा | |
| दाज | |
| बहिनी | |

म/हामी या घोषण गर्दछु छौंकी माथि उल्लेखित नतेदारहरु मोरो/हाम्रो संरक्षण तथा नजिकको नतेदार भएको व्यहोरा ठीक साँचो हो ।

**जानकारी प्रकट गर्ने सम्बन्धी व्यवस्था (अनुसूची २)**

मैले हामीले यस लिखित द्वारा बैंक, बैंकका अधिकृत र प्रतिनिधि (एजेन्ट) हरुलाई बैंक र स्ट्याण्डर्ड चार्टर्ड बैंक (यसका साथै शाखाहरलाई समेत, “बैंक” मा रहेको म/हामीसंग र मेरो/हाम्रो लेखासंग र वा यस बैंक तथा स्ट्याण्डर्ड चार्टर्ड बैंकसंगको सम्बन्धसंग सम्बन्धीत विवरणहरु मेरो/हाम्रो सुविधाको विवरण सुरक्षण दिइएको भए त्यस्तो सुरक्षण बैंकसंग गरिएको कारोबार, बैंक र स्ट्याण्डर्ड चार्टर्ड बैंकमा रहेको मौज्दाज र स्थिती विवरण समेतको जानकारी निम्नलिखित व्यक्ति, कार्यालय वा निकायलाई सहज गर्न वा उपलब्ध गराउन मन्जुरी दिएकोछु/छौं ।

(१) बैंकको प्रधान कार्यालय, कुनै पनि क्षेत्रधिकार अन्तर्गत रहेको यसको कुनै सहायक कम्पनी वा यसको मूल (मुख्य) कम्पनीको कुनै सहायक कम्पनी, आवद्ध निकाय, प्रतिनिधि र शाखा कार्यालय “स्वीकृत पक्षहरु” ।

(२) स्वीकृत पक्षहरुसंग गोपनीयता कायम राख्ने कर्तव्य भएका स्वीकृत पक्षहरुका एजेन्ट र स्वत्रन्त ठेकेदारहरु ।

(३) हामीहरु बीचको कुनै सम्झौता अन्तर्गत बैंकको कुनै अधिकार र/वा कर्तव्यको सम्बन्धमा वास्तविक वा संभाव्य सहभागी वा सहायक सहभागी वा हस्तान्तरण गरिएको व्यक्ति वा हस्तान्तरण गरि लिने व्यक्ति (उल्लेखित कुनै व्यक्तिको एजेन्ट वा सल्लाहकार)

(४) स्तर निर्धारण गर्ने कुनै निकाय, विमक वा बीमा दलाल वा स्वीकृत पक्षलाई प्रत्यक्ष वा अप्रत्यक्ष कर्जा संरक्षण प्रदान गर्ने व्यक्ति,

(५) स्वीकृत पक्षहरु उपर क्षेत्राधिकार भएको कुनै पनि अदालत वा न्यायाधिकारण वा नियमकारी, सुपरीव्क्षकीय, सरकारी वा अर्ध सरकारी निकाय ।

नाम :

खाता नम्बर :

म/हामी यस सवारी कर्जा पुस्तिकामा उल्लेखित सम्पूर्ण शर्तहरु राम्ररी पढी बुझेका छु/छौं ।

निवेदकहरुको हस्ताक्षर :

मिति :